जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक ३४ • २०८३ साल आषाढ ९ गते मंगलबार (23 June, Tuesday, 2026) • पृष्ठ ४ • मूल्य रु. ५।–

## एमाले उपाध्यक्ष विष्णु पौडेल पक्राउ

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा (एमाले) का उपाध्यक्ष विष्णु पौडेल पक्राउ परेका छन् ।

पूर्वअर्थमन्त्री समेत रहेका उपाध्यक्ष पौडेलको पक्राउबारे जिल्ला प्रहरी कार्यालय सुर्खेतले पुष्टि गरेको छ ।

सम्पत्ति शुद्धीकरणको मुद्दामा पक्राउ परेका पौडेलबारे सुर्खेत प्रहरीले पत्राचार गर्दै विस्तृत विवरण सार्वजनिक गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रहरी नायव उपरीक्षक (डीएसपी) कविन्द्र सिंह बोहराले कर्णाली प्रदेश प्रहरी कार्यालयलाई पठाएको पत्रअनुसार पौडेललाई साँझ सवा ५ बजे वीरेन्द्रनगर नगरपालिका-३ स्थित 'शुभ होटल' बाट नियन्त्रणमा लिइएको छ ।

प्रहरीका अनुसार विभागबाट जरुरी पक्राउ पुर्जीसहितको पत्र प्राप्त भएपछि सुर्खेतको होटलबाट नियन्त्रणमा लिएको छ ।

जिप्रका सुर्खेतले प्रदेश कार्यालयलाई गराएको जानकारी अनुसार पक्राउ परेका पौडेललाई आवश्यक कानुनी प्रक्रियाका लागि सक्कल कागजातसहित विभाग पठाइएको छ । उनलाई विभागमा बुझाउनका लागि प्रहरी नायब निरीक्षक (सई) श्याम प्रसाद यादवको जिम्मा लगाइएको छ ।

### रास्वपा महाधिवेशन : व्यवस्थापन चुनौती

# आज बन्द सत्र हुने, सहमतिको खोजीले रोकियो निर्वाचन प्रक्रिया, सिंह अनुपस्थित

**टुडे समाचारदाता**

भरतपुर । चितवनको भरतपुरमा जारी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को प्रथम महाधिवेशन तेश्रो दिनसम्म आइपुग्दा संगठनात्मक उत्साहसंगै व्यवस्थापन र नेतृत्वबीचको शक्ति सन्तुलनको प्रश्न प्रमुख रूपमा देखिएको छ । पूर्वनिर्धारित कार्यतालिका अनुसार बन्दसत्र, उम्मेदवारी दर्ता र निर्वाचन प्रक्रिया शुरु हुनुपर्ने भए पनि प्रतिनिधिको नामावली विवाद, नेतृत्व तहमा पद बाँडफाँटसम्बन्धी असहमति तथा आन्तरिक समन्वय अभावका कारण महाधिवेशनको मूल कार्यसूची नै प्रभावित बनेको छ ।

महाधिवेशन आयोजक पक्षले सोमबार बिहानदेखि बन्दसत्र सञ्चालन गर्ने तयारी गरेको थियो । तर प्रतिनिधि छनोट र अन्तिम नामावली प्रकाशनमा देखिएको विवादका कारण बन्दसत्र स्थगित हुन पुग्यो । रास्वपाको निर्वाचन आयोगका प्रमुख भुवन केसीका अनुसार प्रतिनिधि कार्ड वितरण र अन्तिम नामावली प्रकाशनबाहेक अन्य कुनै निर्वाचन प्रक्रिया अघि बढ्न सकेन। यसले महाधिवेशनको सम्पूर्ण कार्यतालिका नै एक दिन पछाडि धकेलिएको छ ।

रास्वपाले आफूलाई परम्परागत दलभन्दा फरक र व्यवस्थित राजनीतिक शक्ति भनेर प्रस्तुत गर्दै आएको अवस्थामा महाधिवेशनको प्रारम्भिक चरणमै देखिएको अव्यवस्था पार्टीको संगठनात्मक तयारीमाथि प्रश्न उठाउने विषय बनेको छ । अझ महत्वपूर्ण कुरा, बन्दसत्र ढिलाइको कारण केवल प्राविधिक नभइ नेतृत्व तहमा पदाधिकारी चयनसम्बन्धी सहमति नजुट्नु पनि रहेको स्रोतहरू बताउँछन् । विशेषगरी उपसभापति, महामन्त्री र सहमहामन्त्री पदमा कसलाई अघि सार्ने भन्ने विषयमा शीर्ष नेताहरूबीच लामो छलफल चलेको बताइएको छ ।



महाधिवेशनलाई थप चर्चित बनाउने अर्को पक्ष सांसद अमरेशकुमार सिंहको अनुपस्थिति पनि रहेको छ । मधेश प्रदेशका प्रभावशाली नेता सिंह महाधिवेशनमा उपस्थित नै भएनन् । रास्वपा महाधिवेशनको प्रतिनिधिको सूचीमा समेत उनको नाम सार्वजनिक नभए पनि सांसदहरू स्वतः प्रतिनिधि हुने व्यवस्था भएकाले उनको अनुपस्थितिलाई केवल प्राविधिक विषयका रूपमा लिन सकिँदैन ।

नेता सिंह पछिल्लो समय पार्टी नेतृत्वसंग असन्तुष्ट रहेको चर्चा हुँदै आएको थियो । बालेन्द्र साह नेतृत्वको सरकार गठनपछिको मन्त्रिमण्डल विस्तार, नीति निर्माण तथा संगठनात्मक भूमिकामा आफूलाई उपेक्षा गरिएको अनुभूति उनका निकटवर्तीहरूले व्यक्त गर्दै आएका छन् । महाधिवेशन अघि उनले उपसभापति वा महामन्त्री पदमा सर्वसम्मत चयन हुनुपर्ने अपेक्षा राखेको चर्चा समेत बाहिरिएको छ । यस्तो अवस्थामा उनको अनुपस्थिति रास्वपाभित्र देखिन थालेको वैचारिक तथा नेतृत्वगत असन्तुष्टिको संकेतका रूपमा हेरिएको बताइन्छ ।

यद्यपि महाधिवेशनको अर्को महत्वपूर्ण पक्ष भने समावेशीतामुखी विधान संशोधनको प्रस्ताव बनेको छ । रास्वपाले केन्द्रीय समितिलाई थप समावेशी बनाउने उद्देश्यले विधान संशोधन प्रस्ताव अघि सारेको छ । जसमा उपसभापति पदमा महिला अनिवार्य गर्ने, प्रदेशगत प्रतिनिधित्व सुनिश्चित गर्ने तथा दलित, जनजाति, थारु र मधेशी दलित समुदायका लागि विशेष प्रतिनिधित्वको व्यवस्था गर्ने प्रस्ताव समावेश गरिएको छ ।

पार्टीको केन्द्रीय निर्वाचन आयोगले हिजो ४ हजार २११ जना प्रतिनिधिको नामावली प्रकाशन गरेको थियो । पछि मधेश प्रदेशबाट छुट भएका र प्रवासका प्रतिनिधिहरु मिलाएर ४ हजार ५ सय प्रतिनिधि कायम गरिएको छ । सञ्चारकर्मीसँग कुराकानी गर्दै पार्टीका प्रवक्ता मनिष झाले भने आन्तरिक विवादका कारण मधेशका कयौं पालिका, जिल्ला र प्रदेशको अधिवेशन सम्पन्न हुन नसक्दा मधेशबाट प्रतिनिधि छनोटमा समस्या देखिएकाले मधेशबाट पनि प्रतिनिधित्व गराउन बन्द सत्र स्थगित गरिएको हो ।

स्रोतका अनुसार मधेश प्रदेशका प्रादेशिक, जिल्ला र कयौं पालिकाको अधिवेशन सम्पन्न नभए पनि निर्वाचन आयोगलेको गरेको विशेष व्यवस्थाले ५९२ जना प्रतिनिधि चयन गरिए पनि विवाद कायमै रहेपछि बन्द सत्र एक दिनका लागि स्थगित गर्नु परेको हो । झाले जनाए अनुसार निर्वाचन आयोगले गरेको थप व्यवस्थाले प्रतिनिधिहरु छनौट गरिए पनि सो प्रक्रिया अझै ९६ जना प्रतिनिधि छुटेको हो ती विवाद मिलाउन आजका लागि बन्दसत्र स्थगित गर्नु परेको बताए ।

मधेश प्रदेशमा निर्वाचन सम्पन्न भइसकेका पर्सा र कार्यसमिति विघटन गरिसकिएका बारा बाहेक अन्य ६ जिल्लाको अधिवेशन हुन नसक्दा प्रदेश समितिको समेत हुन नसक्दा महाधिवेशन प्रतिनिधि छनोट हुन नसकेपछि असार ५ गते पार्टी निर्वाचन आयोगले मधेश प्रदेशको प्रतिनिधित्वका लागि छुट्टै थप व्यवस्था गरेको थियो ।

नयाँ व्यवस्था अनुसार प्रदेश र विभागहरू, जिल्ला र निर्वाचन क्षेत्र, तथा पालिका स्तरका लागि पनि प्रतिनिधि छनोटको मापदण्ड निर्धारण गरिएको छ । केन्द्रीय संगठन विभागका उपप्रमुख बोध नारायण श्रेष्ठले संगठन सुदृढीकरण र महाधिवेशनलाई समावेशी बनाउन यस्तो व्यवस्था गरिएको जनाए ।

# चर्चित राहदानी काण्डको मुद्दा दर्ता

**टुडे समाचारदाता**

काठमाण्डु । देशमा सरकार परिवर्तन हुनु अगावैदेखि चर्चामा रहेको पासपोर्ट खरिद प्रकरण (एमआरपी) मा भ्रष्टाचार गरेको अभियोगमा दुईवटा विदेशी कम्पनी सहित १८ जनामाथि मुद्दा दर्ता भएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सोमबार विशेष अदालतमा पासपोर्ट खरिदमा भ्रष्टाचार भएको निष्कर्ष निकाल्दै विशेषमा मुद्दा दर्ता गराएको छ ।

विशेष अदालतमा अपरान्ह अख्तियारको टोलीले मुद्दा दर्ता गराएको छ । अख्तियारका प्रवक्ता सुरेश न्यौपानेले जनाए अनुसार राहदानी विभागका महानिर्देशक तिर्थराज अर्याल सहितका १६ जना र दुईवटा कम्पनीमाथि मुद्दा दर्ता गरिएको छ । राहदानी विभाग महानिर्देशक




तीर्थराज अर्यालसहित १६ जना व्यक्ति र २ कम्पनीलाई प्रतिवादी बनाएर अख्तियारले मुद्दा दायर गरिएको छ । विशेष अदालतको सूचना अधिकारी पार्वती हितानीका अनुसार, अख्तियारले १० अर्ब १३ करोड ४ लाख ६१ हजार ४ सय ७७ रुपैयाँ बिगो दाबी गरिएको सो मुद्दामा पूर्व परराष्ट्रमन्त्री डा.आरजु देउवाको नाम जोडिएसँगै अत्यधिक चर्चा पाएको थियो ।

अख्तियारले महानिर्देशक अर्याल, निर्देशक सुनिल केसी, लेखा अधिकृत तुलसी आचार्य, निर्देशक शत्रुधन शर्मा पोखरेल र रविन्द्र राजभण्डारी, उपसचिवहरू राजाराम दाहाल, भेष प्रसाद भुर्तेल, पुस्कर नेपाल, अधिकृत सोमेश थापा, आईटी अधिकृत विपिन प्रसाईं, नेपाली सहजकर्ता सिद्धार्थ थापा र मनिन्द्रराज मल्ल समेत १६ जना व्यक्तिविरुद्ध मुद्दा दायर भएको छ ।

त्यस्तै दुई कम्पनीलाई पनि मुद्दामा अख्तियारले प्रतिवादी बनाएको हो । प्रतिवादीमध्ये १० जना कर्मचारी छन् । राहदानी छपाइमा भएको अनियमितताको विषयमा सोधपुछ गर्नका लागि तत्कालीन परराष्ट्रमन्त्री आरजु राणा देउवालाई पनि अख्तियारले बोलाएको थियो ।

बयानका लागि राणाको घरमा तीन दिने म्याद टाँस गरिएको थियो । तर उनी विदेशमा उपचारको क्रममा रहेकोले तत्काल उपस्थित हुन नसक्ने आशयको जानकारी मेल मार्फत अख्तियारलाई दिएको थियो । मुद्दा अभियोजनमा उनलाई प्रतिवादी बनाइएको छैन । डा.राणाको नाम तानिएपछि राहदानी प्रकरण अत्यधिक चर्चा पाएको थियो । मुद्दा दर्तामा डा.राणाको नाम पनि समावेश रहेको हल्ला चलेको थियो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पूर्वपरराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठसंग बयान लिएको थियो । तर उनलाई पनि मुद्दा अभियोजनमा प्रतिवादी बनाइएको छैन । श्रेष्ठसंग बयान लिए पनि चर्चा आरजु राणाले नै पाएकी छन् । देउवा दम्पत्ती अहिले विदेशमा स्वास्थ्य उपचार गराइरहेका छन् ।

## राणामाथि छुट्टै अनुसन्धान हुने



**टुडे समाचारदाता**

काठमाण्डु । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले राहदानीमा भ्रष्टाचार सम्बन्धी मुद्दाको अभियोजनमा प्रतिवादी नबनाएको पूर्वपरराष्ट्रमन्त्री डा. आरजु देउवा राणा देउवालाई छुट्टै अनुसन्धान गर्ने निर्णय गरेको छ । अहिले मुद्दा नचलाई उनीमाथि छुट्टै अनुसन्धान गर्ने निर्णय अख्तियारले गरेको छ ।

उनको घरमा म्याद तामेल भएपछि कतिपय काममा थप अनुसन्धान गर्नुपर्ने भन्दै अख्तियारले आरजु लगायतबारेमा छुट्टै अनुसन्धान गर्ने निर्णय गरेको छ ।

स्रोतका अनुसार आरजु राणा देउवाका बारेमा उल्लिखित घटना एवं विषयमा नयाँ ठेक्का प्रक्रिया गर्दा भ्रष्टाचारजन्य कार्य गरे/गराएको हुनसक्ने देखिएको छ ।


उक्त विषयसंग सम्बन्धित कागजातहरूको मिसिल खडा गर्ने र विशेष अदालतको फैसला/आदेश बमोजिम उक्त विषयको सम्बन्धमा छुट्टै अनुसन्धान गर्ने भनी आयोगबाट निर्णय भएको स्रोतले जनाएको छ ।सोमवार अख्तियारले विशेष अदालतमा दर्ता गरेको मुद्दामा आरजु राणाको नाम समेत हुने चर्चा चुलिएको थियो ।

यसअघि अख्तियारले अनुसन्धानको सिलसिलामा बूढानीलकण्ठस्थित देउवा निवासमा म्याद तामेल गरी बयानका लागि तीन दिन भित्र डाकेको थियो ।

पूर्वमन्त्री आरजु राणाले हङकङबाट इमेल पठाएर उपचारका क्रममा रहेकाले अहिले आफू आउन नसक्ने जवाफ लेखेकी थिइन् । स्रोतका अनुसार, उनी बयानमा आउन नसकेको र जवाफको रुपमा पठाएको इमेलबारे मुद्दामा कुनै विवरण उल्लेख गरिएको छैन ।

अदालतमा तत्काल मुद्दा दर्ता नभएपछि डा.राणालाई ठूलो राहत भएको बताइन्छ । तर अख्तियारले अलगैबाट अनुसन्धान प्रकृयालाई अगाडी बढाउने निर्णय गरेकोले खतरा टरेको छैन ।





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

# ओली– देउवा पथमा रास्वपा



● युवराज घिमिरे

राजनीतिको अपराधीकरण र अपराधको राजनीतिकरण जारी छ। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को सरकारले विगत २० वर्षमा प्रचण्ड, गिरिजा, देउवा र ओली सरकारद्वारा नियोजित रूपमा भएका आपराधिक संस्कृतिलाई निरन्तरता दिएको छ। एक किसिमले उसको पथ अवलम्बन गरेर वैधानिकता दिएको छ।

'जेनजी' आन्दोलनका नाममा भएका आपराधिक क्रियाकलाप र विध्वंशलाई राज्यसत्ता परिवर्तनका लागि स्वीकार्य गतिविधि र शैलीका रूपमा स्वीकार गरेर ती अभियोग फिर्ता लिने काम उसले गरेको छ।

एक किसिमले माओवादी सत्तामा आएपछि गर्न नसकेको काम रास्वपा सरकारले गरेको छ। तर, माओवादी सरकारले उसका नेता र लडाकुहरूले गरेका हत्या हिंसाको मुद्दा फिर्ता लिन सकेको छैन। तर, सत्तासँगको असन्तुष्टि हिंसा र विध्वंशबाट अभिव्यक्त गर्ने प्रचलनलाई अभ्यास गर्दै वैधानिकता दिएको छ रास्वपा सरकारले।

भोलि यो सत्ता विस्थापित हुँदा यसका नेता र नायकहरू उत्तराधिकारी सरकारहरूद्वारा प्रतिशोधको सिकार हुने सम्भावनालाई रास्वपाले मार्गप्रशस्त गरेको छ। तर, सत्तामा नेताहरूका लागि फरक कानुन र राज्यको फरक व्यवहारले सत्ताधारी दललाई अलोकप्रिय बनाउँछ भने सत्ताबाट बाहिर गएपछि ऊ अपराधी शक्ति र खलनायकका रूपमा नेतृत्वका रूपमा प्रस्तुत हुन सक्छ, आम धारणामा।

अहिले हिजोका शक्तिशाली र कानुनभन्दा माथि रहेका ओली, प्रचण्ड तथा देउवा-आरजुबारे निर्मित अवधारणाले रास्वपा नेतृत्वलाई घच्घच्याउन नसक्नुले वर्तमान नेतृत्वको राजनीतिक सुझबुझ, अहं र संवेदनहीनताको स्तर देखाउँछ।

यसअघि पनि यो स्तम्भमा रास्वपा सरकारका केही सकारात्मक उपलब्धि र उसको केही दम्भबारे चर्चा भएका छन्।

बालुवाटारलाई प्रधानमन्त्रीको आधिकारिक निवासका रूपमा स्थापित गरी सिंहदरबारलाई साँच्चै कार्यकारी कार्यालयका रूपमा प्रस्तुत गर्नु, मालपोत तथा यातायात कार्यालय 'दलालविहीन' देखिनु र केही विदेशी कूटनीतिज्ञहरूबाट हुने गरेका 'उच्छृंखल' गतिविधि सरकारको निगरानी र अप्रसन्नताको विषय बन्नु सकारात्मक संकेत हुन्। वास्तवमा नेपालको आन्तरिक राजनीतिमा प्रवेश पाएलगत्तै २० वर्षयतादेखि छिमेकी र टाढाका कूटनीतिज्ञहरूका केही आचरण आपत्तिजनक देखिएका उदाहरणहरू कमी छैनन्।

नेपालको राष्ट्रप्रमुखलाई मुलुकबाट भाग्न हेलिकप्टर उपलब्ध नहुने धम्की दिने अमेरिकी राजदूत नेपाली सञ्चार र नागरिक समाजको आलोचनाबाट मुक्त रहे। पछि दोस्रो संविधानसभा निर्वाचन बहिष्कार गर्ने घोषणा गर्ने वैद्य नेतृत्वको माओवादी समूह राष्ट्रसंघलगायत बाह्य राजदूतहरूको चेतावनीको निशाना बन्नु भियना सन्धिविपरीत थियो। तर, सामूहिक रुपमा ती कूटनीतिज्ञहरू नेपालका प्रजातन्त्रको अभिभावक बने।

सत्तामा नेताहरूका लागि फरक कानुन र राज्यको फरक व्यवहारले सत्ताधारी दललाई अलोकप्रिय बनाउँछ भने सत्ताबाट बाहिर गएपछि उ अपराधी शक्ति र खलनायकका रूपमा नेतृत्वका रूपमा प्रस्तुत हुन सक्छ, आम धारणामा।

अहिले 'पासपोर्ट' टेन्डरमा छानबिन भइरहँदा जर्मन राजदूतप्रति प्रधानमन्त्री कार्यालयमा भएको भनिएका आलोचनाबारे अनेक टिप्पणी भइरहेको छ। कूटनीतिक मर्यादाबाहिरका आचरण कमजोर मुलुकमा मात्र क्षम्य हुने गर्छन्। प्रधानमन्त्री कार्यालयमा प्रमुख, परराष्ट्र सचिव र जर्मन राजदूत किन पुगे ? राजदूतको 'मानमर्दन' र 'अपमान'मा भियना कन्भेन्सन विपरीतको आवरणमा प्रधानमन्त्री कार्यालय संलग्न भएमा उ दोस्रोका भागीदार बन्छ। तर, संसद छल्ने प्रधानमन्त्री स्वाभाविक रूपमा आशंकाको निशाना बन्न जान्छन्। अनि, संवैधानिक हैसियत र उन्मुक्तिप्राप्त अख्तियार प्रमुख किन प्रधानमन्त्री कार्यालयको आदेशमा त्यहाँ पुगे ? र, किन आफ्नो अपमानबारे मौन रहे? पहिला कुनै प्रम या राजनीतिक नेताहरूसँग उनको निकटता रह्यो या रहेन ?

विगत दुई दशकमा नेपालका संवेदनशील क्षेत्रमा जाँदासमेत बिना परमिट कूटनीतिज्ञहरू जाने गरेका दृष्टान्तहरू छन्। ०६३ मा जनआन्दोलनताकाको एउटा घटना धेरैको मानसपटलमा अझै पनि ताजा छ। भारतको युनाइटेड टेलिफोन लिमिटेड (युटिएल) लाई नेपालमा ठूलो कनसेसन दिन त्यसवेला भारतीय दूतावासबाट दबाब परेको सार्वजनिक जानकारीको विषय हो।

आन्दोलनमा सहभागी एक प्रमुख मानवअधिकारवादी नेता त युटिएल टेलिफोन सेट नै बोकेर जुलुसमा सहभागी भएका थिए। मोबाइलको जमानामा किन ती नेताले यो टेलिफोन सेट बोकेर हिँडेका थिए ? के युटिएलको पक्षमा आएको रबर्ट क्लाइम सेलीको दबाब र जनआन्दोलनका परिवेशबीच अन्तरसम्बन्ध रहेको प्रमाणका रूपमा लिन सकिन्छ यसलाई ? त्यो हो भने बालेन सरकारद्वारा पासपोर्ट आपूर्ति ठेक्कामा भएका छानबिनका क्रममा नबोलाई प्रधानमन्त्री कार्यालय पुगेका जर्मन राजदूतसँग जानकारी हासिल गर्ने क्रमलाई नाजायज भन्न मिल्दैन। तर, यो अपवाद हो या आगामी दिनमा कूटनीतिज्ञहरूलाई जथाभावी गर्न नदिने एउटा संकेत हो भने त्यो सकारात्मक हो। परराष्ट्रमन्त्री शिशिर खनालले १५ दिनयता भारत र चीनका शीर्ष नेताहरूसँग भएको भेटघाट वार्तामा राष्ट्रिय हित, छिमेकीहरूप्रति नेपालको असल नियत निर्देशित आचरण र उनीहरूबाट त्यस्तै अपेक्षा, विवाद समाधानमा नेपालको सकारात्मक चासोजस्ता विषय उठाए।

सम्भवतः भारत र चीन दुवैले २० वर्षको अवधिमा फरक र स्पष्ट नेपाल देखे। यो बीचमा, खासगरी भारतसँग उसका फलफूल, तरकारी निर्यात र नेपालबाट भारतमा चिया निर्यातमा व्यवधान देखापरेका छन्। नेपालले चियाको स्तर मापनको प्रयोगशाला नबनाउनु र भारतले नेपाली जनस्वास्थ्यलाई प्रतिकूल प्रभाव पार्न सक्ने खालका बिना परीक्षणका फलफूल र तरकारी पठाउन खोज्नु नै स्वस्थ र विश्वासमा आधारित दुई पक्षीय सम्बन्ध निर्माणमा बाधक आचरण हुन्।

तर, यी समस्या राज्य आफ्ना मान्यतामा स्पष्ट र इमानदार हुँदा स्वतः समाधानको मार्गमा जान्छन्। बालेन सरकारले संसद्प्रति आफ्नो जवाफदेहिता प्रस्तुत या स्थापित गर्न तयार नभएको संकेत दिएको छ।

प्रधानमन्त्रीको तहबाट 'प्रधानमन्त्रीको देश बनाउने टोली'का एक सदस्य अर्थात् मन्त्री सुनील लम्सालले समयमा निर्माण कार्य पूरा नगर्ने ठेकेदारको 'खुट्टा भाँच्न' उर्दी जारी गरेका छन्। संसद्मा त्यसबारे शाब्दिक व्याख्यामा नजान उनले आग्रह गरे पनि लम्साल गत वर्ष चैत्र १५ मा ओलीले अख्तियार गरेको राज्य आतंक मार्गमा प्रवेश गरेका छन्।

मन्त्री तहबाट हुने आपराधिक उक्साहट क्षम्य हुँदैन, हुनु हुँदैन। यस्ता क्रियाकलापविरुद्धको आक्रोश र आलोचनालाई सम्बोधन गर्न 'ट्रोल' या सामाजिक सञ्जाल पर्याप्त र सक्षम हुँदैन दीर्घकालीन रूपमा। र, संसद्लाई अपमानित या अवमूल्यन गर्दा सत्ताको ओरालो यात्रा त्यसको अवश्यंभावी प्रतिफल बन्न जान्छ प्रजातान्त्रिक पद्धतिमा।

हो, विगत २० वर्षमा संसद् र संविधानसभाले संविधान निर्माणका नाममा विधि, परम्परा र सदन सञ्चालनमा नियम प्रतिकूल आचरण गरेका छन्। विदेशी हित र प्रभावमा गणतन्त्र, संघीयता र धर्मनिरपेक्षताजस्ता निर्णय लिइएका छन् र नेपाली जनतालाई कुनै पनि किसिमले त्यस्ता निर्णयमा संलग्न हुनबाट वञ्चित गरिएको छ। बाहिरी एजेण्डा बोकेका नेताहरूको आज्ञाकारी 'रबर स्टाम्प' बन्दै आएको छ संसद्।

त्यस अर्थमा ठूला दलका ठूला नेताहरूको 'रबर स्ट्याम्प' का रूपमा दुरुपयोग भएको संसद्को अवमूल्यन बालेन शाहले जानीजानी गरेको हुनसक्छ भन्ने अर्थ लाग्छ। तर, संसद्को दायित्वलाई घात गर्ने गरी हुने उपेक्षापूर्ण आचरणलाई स्वीकार्य र न्यायोचित मान्न सकिन्न कुनै पनि बहानामा। यो व्यवस्थामा बालेन स्वयंका केही आचरणले सुरक्षा निकायसमेत अपमानित महसुस गर्न थालेका छन्।

संसद्को उपेक्षा, परम्परागत रूपमा सेना प्रमुख र अन्य सुरक्षा निकायबाट 'ब्रिफिङ' लिने परम्परालाई समेत निरन्तरता नदिनु अनि प्रधानमन्त्री सचिवालयले अपारदर्शी किसिमले अख्तियार प्रमुखलगायतलाई धम्क्याउनुले विधिको शासनको अवमूल्यन पनि देखाउँछ। अनि अर्को प्रश्न उठ्छ, प्रम कार्यालयको अपमानविरुद्ध उभिन नसक्ने अख्तियार प्रमुखले कुन विकल्प रोज्लान् ? या प्रम कार्यालयकै आदेश मानेर अब बाँकी जागिर बचाउलान् ?

खासगरी ओलीद्वारा अख्तियारलगायत संवैधानिक निकायलाई अवमूल्यन गरेको र आफ्नो स्वार्थमा तिनलाई काम गर्न दुरुत्साहित गरेको अनेक प्रसंग छन्। त्यसैले बालेनको कार्यालयले उनीहरूलाई अपमान गर्न सहज ठानेको छ। केही वर्ष पहिले अर्थात् लाउडा प्रकरण छानबिनको घेरामा परेका गिरिजाप्रसाद कोइरालाले प्रतिरोधमा अख्तियारलाई नारायणहिटी सार्न सार्वजनिक रुपमा आग्रह गरेका थिए। नेपाली कांग्रेसले एमालेसँग मिलेर अख्तियार मात्र होइन न्यायपालिकाकै दलीयकरणमा आपराधिक भूमिका खेल्यो।

ती निकायहरूको दुरूपयोग ठूलो अपराध हो। सरकार सञ्चालन कानुनको सीमा र मान्यताबाट हुने गर्छ। तर, राज्य सञ्चालन नेताहरूको सनकबाट हुन थाले परिस्थिति भयावह हुने गर्छ।

बालेन शैलीका कारण रास्वपामा केही छटपटी र असन्तुष्टिका स्वर सुनिन थालेका छन् तर संगठित खबरदारीका रूपमा त्यस्ता स्वर नउठ्दा सरकारका मन्त्रीहरूले निजी हैसियतमा हिंसाका लागि आमजनतालाई उक्साइरहनेछन्।


चितवनमा असार ७ र ८ मा हुँदै गरेको पार्टी महाधिवेशनले रास्वपालाई आफ्नो नीति र मान्यतासँग आचरण र आचारसंहिता परिभाषित गर्ने अवसर दिनेछ। तर नेताहरूले आफ्ना आचरण संयम र संसद् प्रतिका प्रतिबद्धताको स्वीकार्य उदाहरण पेस गर्न नचाहे ती निर्णय कागजका अर्थहीन खोस्टा बन्नेछन्। यो लेख देशसञ्चारडटकमबाट साभार गरिएको छ।

## सम्पादकीय

### सीता र राम जन्मभूमि जोड्नु पर्छ

नेपालको काठमाण्डु र भारतको नयाँ दिल्लीबीचको सम्बन्ध भन्दा कयौं सय वर्ष पुरानो सीताको पावन जन्मस्थली जनकपुरधाम र रामको जन्मस्थली अयोध्याबीच रहेको छ। त्रेताकालीन सम्बन्ध जनकपुरधाम र अयोध्याधामबीच रहेको छ। दुई देशबीचको धार्मिक, सांस्कृतिक, राजनीतिक, भौगोलिक सम्बन्धले आर्थिक गतिविधिमा समेत महत्वपूर्ण योगदान दिँदै आएको छ। नेपालमा सर्वाधिक भारतीय हिन्दू पर्यटक आउने गर्छन्। नेपालको विविधतापूर्ण भूगोल र भगवान पशुपतिनाथ, माता जानकी मन्दिर, भगवान बुद्ध, मुक्तिनाथलगायतका धार्मिक र पर्यटकीय स्थलहरुको भ्रमणमा अत्यधिक भारतीय पर्यटकहरु आउने गर्छन्। नेपालको पर्यटन क्षेत्रमा भारतीय श्रद्धालुहरुको आवागमनलाई अझै व्यवस्थित गर्न आवश्यक छ। नेपालमा भारतीयका लागि कयौं गन्तव्यहरु छन्। त्यसको विषयमा नेपालले पर्याप्त जानकारी दिन आवश्यक छ। नेपाल र भारतबीचको जनकपुरधाम र अयोध्याबीचको सम्बन्धलाई प्रगाढ बनाउन र जानकी माता एवं भगवान रामको जन्मस्थलको दर्शनलाई सहज बनाउन दुई देशले रेल सेवा विस्तार गर्न सहमत भएको छ। नेपालका तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्त रुपमा जनकपुरधाम-अयोध्याबीच बस सेवाको शुभारम्भ गरेका थिए। तर त्यो बस सेवा लामो समय सञ्चालन हुन सकेन। जनकपुरधाम र अयोध्याबीचको बस सेवा बन्द भएपछि कयौं पटक भारतीय रेल्वेका अधिकारीहरु र नेपालको एकमात्र रेल्वेका अधिकारीहरुले छुट्टाछुट्टै रुपमा अयोध्याधामसम्म रेल चलाउने घोषणा गरे। तर त्यो सार्थक हुन सकेन। एक समयमा जनकपुरधाम-अयोध्या रेल सेवाबाट श्रद्धालुहरुलाई यात्रा गराउन नेपालमा टिकट समेत काटिएको थियो। तर त्यो रकम पनि फिर्ता गर्नु पर्‍यो। जनकपुरधाम-अयोध्या रेल सेवा सञ्चालनमा आएपछि तीर्थयात्री, पर्यटक, व्यापारी तथा सर्वसाधारण नागरिकलाई सहज यात्रा सुविधा उपलब्ध हुनेछ। यसका साथै दुबै देशबीचको परम्परागत 'बेटी-रोटी' सम्बन्ध अझ मजबुत हुने विश्वास गरिएको छ। करिब एक साता अघि काठमाण्डुमा नेपाल र भारतका उच्च सरकारी अधिकारीबीच सम्पन्न बैठकबाट जनकपुरधामदेखि अयोध्यासम्म सिधा रेल सेवा सञ्चालन गर्ने विषयमा महत्वपूर्ण छलफल भएको थियो। सो बैठकमा दुबै पक्षले रेल सेवा विस्तारका लागि सकारात्मक सहमति भएको बताइएको छ। उक्त बैठकपछि जनकपुरधाम-जयनगर-अयोध्या रेल सेवा छिट्टै सञ्चालन गर्ने विषयमा स्पष्ट मार्ग निर्देशन तयार गरिएको बताइन्छ। स्रोतका अनुसार रेल सेवाको औपचारिक उद्घाटन नेपाल र भारतका उच्च राजनीतिक नेतृत्व वा विशिष्ट व्यक्तित्वको उपस्थितिमा हुन सक्ने सम्भावना रहेको छ। सैद्धान्तिक सहमति भइसकेपछि रेल सञ्चालनसंग सम्बन्धित विभिन्न प्राविधिक तथा प्रशासनिक विषयहरूमा विस्तृत छलफल गरिनेछ। अयोध्या सम्म रेल सेवा शुरु भए घाटामा सञ्चालन भइरहेको नेपाल रेल्वेलाई ठूलो राहत हुनेछ। यात्रुबाट मात्रै रेल मुनाफामा सञ्चालन हुन सक्छ।


॥ श्रद्धा सुमन ॥



जन्म मितिः वि.सं. १९५६ असाढ
स्वर्गारोहनः वि.सं. २०२५-३-९


स्व. रामसागर साह

श्री धर्म संस्था (रामस्वरुप साह रामसागर साह) का संस्थापक द्वय मध्ये **रामसागर साह** को आज **५८** औं पुण्य तिथिमा दिवंगत आत्माको चीर शान्तिको लागि जगत जननी जानकी मातासंग प्रार्थना गर्दै भावपूर्ण श्रद्धा सुमन अर्पण गर्दछौ ।

**श्री धर्म संस्था (रामस्वरूप साह , रामसागर साह)**
मिल्स एरिया जनकपुरधाम-१ परिवार



॥ भावपूर्ण श्रद्धाञ्जली ॥



जन्म मितिः वि.सं. १९५६ असाढ
स्वर्गारोहनः वि.सं. २०२५-३-९

स्व. रामसागर साह

हाम्रा आदरणीय हजुरबुबा **स्व राम सागर साह**ज्यूको आज मिति २०८३/०३/०९ गते मंगलबारका दिन **५८** औं पुण्य तिथिको पावन अवसरमा वहाँको दिवंगत आत्माको चिर शान्तिको कामना श्री जगत जननी जानकी मातासँग गर्दछौं । हजुरले देखाउनु भएको बाटो र दिनु भएको संस्कार सधैं हाम्रो लागि मार्ग दर्शक रहनेछ । भावपूर्ण श्रद्धाञ्जली

**हजुरको सम्झनामा,**
**प्रभाकर प्रसाद साह, दिवाकर प्रसाद साह, विद्याकर प्रसाद साह**
(तथा) **वहाँको सम्पूर्ण सन्तति**
जनकपुरधाम उपमहानगरपालिका वडा नं.१४, मुजेलिया



## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय जनकपुर, धनुषाको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८३/०३/०९ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

१. धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं. ८ स्थित रजिष्टर्ड कार्यालय रहि प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागमा मिति २०७०/११/०१ गते प्रा.फ.र.नं. ६३८५/६५३/०७०/७१ स्थानिय व्यापार तथा आन्तरिक राजश्व कार्यालय जनकपुरमा मिति २०७०/११/०१ मा स्थायी लेखा नम्बर (PAN) ६०१८९१९५७ अन्तर्गत दर्ता कायम भएको **पंकज आयरन स्टोर्स** ।
**प्रोप्राईटर : पंकज कुमार महतो**

**ऋणी तथा ऋणी १ को व्यक्तिगत जमानीकर्ताको विवरण**

२. सीताराम महतोको नाति, रामचन्द्र महतोको छोरा, धनुषा जिल्ला, साविक जनकपुर न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं. ५ बस्ने **पंकज कुमार महतो** (ना.प्र.नं. १७११०२/क२१६, जारी मिति २०६४/०१/१७, जि.प्र.का. धनुषा) ।

**ऋणी १ को व्यक्तिगत जमानीकर्ताको विवरण**

राम चन्द्र महतोको बुहारी, सुरज कुमार महतोको पत्नि, धनुषा जिल्ला, साविक जनकपुरधाम वडा नं. ११ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ८ बस्ने **निशा साह** (ना.प्र.नं. १७११०२/५२१८, जारी मिति २०६८/०३/०३, जि.प्र.का. धनुषा) ।

**ऋणी १ र २ को व्यक्तिगत जमानीकर्ताको विवरण**

| | |
|---|---|
| १. सीताराम महतोको नाति, रामचन्द्र महतोको छोरा, धनुषा जिल्ला, साविक जनकपुर न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं. ५ बस्ने **सुरज कुमार महतो** (ना.प्र.नं. १७११०२/२६८६, जारी मिति २०६७/०२/१९, जि.प्र.का. धनुषा) । | २. रामचन्द्र महतोको बुहारी, पंकज कुमार महतोको पत्नी, धनुषा जिल्ला, साविक धनुषा जनकपुर न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुरधाम उ.म.न.पा. वडा नं. १० बस्ने **भावना कुमारी साह** (ना.प्र.नं. १७-०१-७९-०९३९६, जारी मिति २०७९/०५/२३, जि.प्र.का. धनुषा) । |
| ३. सिताराम महतोको बुहारी, रामचन्द्र महतोको पत्नी, धनुषा जिल्ला, साविक जनकपुर न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुरधाम उ.म.न.पा. वडा नं. ५ बस्ने **गिरजा देवी** (ना.प्र.नं. ९१६, जारी मिति २०५०/०५/१७, जि.प्र.का. धनुषा) । | ४. लोलचन महतोको नाति, सिताराम महतोको छोरा, धनुषा जिल्ला, साविक जनकपुर न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुरधाम उ.म.न.पा. वडा नं. ५ बस्ने **रामचन्द्र महतो** (ना.प्र.नं. ३९६९८७५५, जारी मिति २०४८/०६/०४, जि.प्र.का. धनुषा) । |

**धितोको विवरण**

१. **ऋणी २ को पक्षमा रोक्का रही ऋणी १ को पक्षमा पु : धितोबन्धकी कायम रहेको** गिरजा देवी (ना.प्र.नं. ९१६, जारी मिति २०५०/०५/१७, जि.प्र.का. धनुषा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, साविक जनकपुर उ.म.न.पा. वडा नं. ८ स्थित कि.नं. ३८३ को क्षेत्रफल ०-०-६-०१/२ (विगाहा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
२. पंकज आयरन स्टोर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

Siddhartha Bank
शाखा कार्यालय : जनकपुर, धनुषा
फोन नं. ०४१-५९०८७१
Website : www.siddharthabank.com



## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय कल्याणपुर, सप्तरीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८३/०३/०९ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८२/०९/१० को जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

खुसी लाल चौधरीको नाति, रकसु चौधरीको छोरा, सप्तरी जिल्ला, साविक मोहनपुर न.पा./गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल सप्तरी जिल्ला, शम्भुनाथ न.पा. वडा नं. ६ बस्ने **सियाशरण चौधरी** (ना.प्र.नं. ३७७/६२६८४६४६, जारी मिति २०४८/०८/१५, जि.प्र.का. सप्तरी) ।

**व्यक्तिगत जमानतकर्ताको विवरण**

| | |
|---|---|
| १. रकसु चौधरीको बुहारी, सियाशरण चौधरीको पत्नि, सप्तरी जिल्ला, साविक मोहनपुर न.पा./गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल सप्तरी जिल्ला, शम्भुनाथ न.पा. वडा नं. ६ बस्ने **आशा कुमारी चौधरी** (ना.प्र.नं. ९०१७, जारी मिति २०५६/०४/१०, जि.प्र.का. सप्तरी) । | २. रकसु चौधरीको नातिनी, सियाशरण चौधरीको छोरी, सप्तरी जिल्ला, शम्भुनाथ न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल सप्तरी जिल्ला, शम्भुनाथ न.पा. वडा नं. ६ बस्ने **प्रतिभा कुमारी चौधरी** (ना.प्र.नं. १६-०१-७५-०३१६५, जारी मिति २०७५/०३/१९, जि.प्र.का. सप्तरी) । |

**धितोको विवरण**

आशा कुमारी चौधरी (ना.प्र.नं. ९०१७, जारी मिति २०५६/०४/१०, जि.प्र.का. सप्तरी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सप्तरी जिल्ला, साविक मोहनपुर गा.वि.स./न.पा. वडा नं. ५ नक्सा सिट नं. ५ क हाल सप्तरी जिल्ला, शम्भुनाथ न.पा. वडा नं. ६ स्थित कि.नं. १९३ को क्षेत्रफल ०-०-१८ (बि.क.धु.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८३/०३/२३ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय कल्याणपुर, सप्तरीमा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८३/०३/२४ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय कल्याणपुर, सप्तरीमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नुपर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माद्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुर्‍याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिकृत कर्जा असुली विभाग तथा शाखा कार्यालय कल्याणपुर, सप्तरीमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank
शाखा कार्यालय : कल्याणपुर, सप्तरी
फोन नं. ०३१-५४००९८
Website: www.siddharthabank.com

# दुई भारतीय लागूऔषध कारोबारी पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । लागूऔषध कारोबारमा संलग्न रहेको आरोपमा गोली हानेर दुईजना भारतीय नागरिकलाई सिरहा प्रहरीले पक्राउ गरेका छन् ।



जिल्लाको लहान नगरपालिका-२१ लकडीगोट क्षेत्रमा लागूऔषध कारोबार भइरहेको गोप्य सूचनाका आधारमा प्रहरीले गरेको कारबाहीका क्रममा गोली प्रहारपछि तिनीहरूलाई पक्राउ गरिएको जनाइएको छ । घटनामा एक प्रहरी जवानसमेत घाइते भएको बताइएको छ ।

प्रहरीले पक्राउ गरेका व्यक्तिहरूको साथबाट प्लास्टिकसहित तौल गर्दा १०१ ग्राम ६० मिलिग्राम ब्राउनसुगर र अर्को प्याकेटमा १२ ग्राम ३० मिलिग्राम ब्राउनसुगर जस्तो देखिने पदार्थ बरामद गरेको जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सिरहा, इलाका प्रहरी कार्यालय महेशपुरपट्टी तथा लागूऔषध नियन्त्रण ब्युरो गोलबजारबाट खटिएको संयुक्त टोलीले आज साँझ करिब ५:३० बजे संदिग्ध व्यक्तिहरूलाई नियन्त्रणमा लिन खोज्दा उनीहरूले प्रहरीमाथि ढुंगामुढा गर्नुका साथै भाग्ने प्रयास गरेका थिए ।

प्रहरीको चेतावनीलाई बेवास्ता गरेपछि एक राउण्ड ९ एमएम पेस्तोलबाट हवाई फायर गरिएको थियो। त्यसपछि पनि उनीहरू नरोकिने र प्रहरीमाथि आक्रमण जारी राखेपछि थप एक राउण्ड गोली प्रहार गरिएको प्रहरीले जनाएको छ ।

गोली लागेर भारत बिहार राज्य मधुवनी जिल्ला पिपराही गाउँ पञ्चायत-२ निवासी २१ वर्षीय सज्जित कुमार पासवान घाइते भएका छन्। उनका साथमा रहेका १२ वर्षीय एक नाबालकलाई समेत प्रहरीले नियन्त्रणमा लिएको छ । गोली लागेर पासवानको दाहिने खुट्टाको पिँडुलामा चोट लागेको प्रहरीले जनाएको छ ।

दुवै घाइतेलाई उपचारका लागि प्रादेशिक अस्पताल सिरहामा भर्ना गरिएको छ। उनीहरूको अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ ।

मुख्य आरोपी सज्जित कुमार पासवान लामो समयदेखि लागूऔषध कारोबारमा संलग्न रहेको प्रारम्भिक अनुसन्धानमा देखिएको प्रहरीले जनाएको छ। हालसम्म उनले करिब १० देखि ११ किलोग्रामसम्म ब्राउनसुगर बिक्री-वितरण गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको र त्यसको नेपाली बजार मूल्य करिब ३ करोड रुपैयाँ बराबर रहेको अनुमान गरिएको छ ।

# रामगोपालपुर नगरपालिकाको करिब ५० करोडको बजेट




**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरीको रामगोपालपुर नगरपालिकाको १४ औं नगरसभा सम्पन्न भएको छ ।

रामगोपालपुरमा सोमबार भएको नगरसभाबाट आगामी आर्थिक वर्ष ०८३/०८४ का लागि ४९ करोड ५५ लाख ३८ हजार रुपैयाँको बजेट विनियोजन गरेको छ ।

आगामी आर्थिक वर्ष ०८३/०८४ को नीति तथा कार्यक्रम र बजेटको अभिन्न अंगको रुपमा रहेको आय व्ययको विस्तृत विवरण राजस्व तथा अनुान प्राप्तिका लागि अनुमान कार्य क्षेत्रगत व्यय अनुमानित रहेको छ ।

आर्थिक वर्ष ०८३/०८४ को वार्षिक बजेट अनुसार संघ वित्तीय समानिकरणमा ९ करोड ८० लाख रुपैयाँ, संघ सशर्त अनुदान १६ करोड ७६ लाख रुपैयाँ, संघ विशेष अनुदान ३ करोड ३० लाख रुपैयाँ, संघ समपुरक अनुदान एक करोड ७० लाख रुपैयाँ, संघ राजस्व बाँडफाँट ९ करोड ५७ लाख ९१ हजार रुपैयाँ, प्रदेश विशेष अनुदान २० लाख रुपैयाँ, प्रदेश समपुरक अनुदान ३० लाख रुपैयाँ, प्रदेश राजस्व बाँडफाँट ६५ लाख रुपैयाँ, प्रदेश सशर्त अनुदान ६० लाख रुपैयाँ, आन्तरिक आम्दानी तीन करोड रुपैयाँ, मालपोतबाट प्राप्त स्थानीय राजस्व एक करोड ५० लाख रुपैयाँ र अ.ल्या. रकम एक करोड पचास लाख रुपैयाँ गरी कुल ४९ करोड ५५ लाख ३८ हजार रुपैयाँ बजेट रहेको रामगोपालपुर नगरपालिकाले जनाएको छ ।

# गरुडामा १ करोडभन्दा बढीको अनियमितता

**सञ्जय मिश्रा**

रौतहट । रौतहटको गरुडा नगरपालिका पुनः आर्थिक अनियमितताको विवादमा तानिएको छ । महालेखा परीक्षकको पछिल्लो प्रतिवेदनले नगरपालिकामा १ करोड १ लाख ६० हजार ५४१ रुपैयाँ बराबरको आर्थिक अनियमितता देखाएको छ ।




प्रतिवेदनअनुसार नगरपालिकाले विभिन्न शीर्षकमा गरेको खर्चमध्ये ठूलो रकम आवश्यक कागजात, प्रमाण तथा कानुनी प्रक्रिया पूरा नगरी भुक्तानी गरिएको पाइएको छ। केही खर्चमा बिल-भर्पाई, दररेट, कार्यसम्पन्न प्रतिवेदन तथा प्राविधिक पुष्टि नै नभएको महालेखाले औंल्याएको छ ।

त्यसैगरी सार्वजनिक खरिद ऐन तथा नियमावलीअनुसार अपनाउनुपर्ने प्रक्रिया पूरा नगरी खर्च गरिएको, स्वीकृति नलिई भुक्तानी गरिएको तथा लेखा व्यवस्थापन कमजोर रहेको प्रतिवेदनमा उल्लेख छ। यसका कारण खर्च भएको रकमको वास्तविक उपयोगबारे प्रश्न उठेको महालेखाको निष्कर्ष छ ।

महालेखाका अनुसार कतिपय योजना सम्पन्न भएको दाबी गरिए पनि त्यससँग सम्बन्धित पर्याप्त प्रमाणिक कागजात पेश गरिएको छैन। केही योजनामा कामको मूल्याङ्कन स्पष्ट नभए पनि भुक्तानी भइसकेको देखिएको छ। यसले खर्च र कार्यान्वयनबीचको पारदर्शितामाथि गम्भीर प्रश्न खडा गरेको छ ।

महालेखा परीक्षकको कार्यालयले वित्तीय अनुशासन कायम गर्न आन्तरिक नियन्त्रण प्रणाली सुदृढ बनाउने, सार्वजनिक खरिद प्रक्रियालाई पारदर्शी बनाउने तथा नियमित लेखा परीक्षणलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सुझाव दिएको छ ।

यता स्थानीयवासीले भने हरेक वर्षजसो यस्ता प्रतिवेदन सार्वजनिक भए पनि सुधारको अनुभूति हुन नसकेको गुनासो गरेका छन्। विकासका नाममा बजेट वृद्धि हुँदै गए पनि त्यसको प्रभावकारी उपयोग र पारदर्शिता सुनिश्चित हुन नसकेको भन्दै उनीहरूले चिन्ता व्यक्त गरेका छन् ।

# गुणस्तरीय शिक्षामा सिद्धार्थको अग्रणी भूमिका




**टुडे समाचारदाता**

जनकपुरधाम । मधेशको शिक्षा क्षेत्रमा जनकपुरधामस्थित सिद्धार्थ शिशु सदन गत ४५ वर्षदेखि अग्रणी भूमिका निर्वाह गर्दै आएको छ ।

सिद्धार्थ शिक्षण संस्थान अन्तर्गतको सिद्धार्थ शिशु सदन मा.वि. तथा सिद्धार्थ कलेज गुणस्तरीय शिक्षाका लागि विद्यार्थी तथा अभिभावकमाझ विश्वासको केन्द्रका रूपमा आफ्नो पहिचान स्थापित गर्न सफल रहेको छ ।

जनकपुरधामको भानुचोक र मिल्स एरियाको बीचमा अवस्थित यस शैक्षिक संस्थाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरसम्म प्रतिस्पर्धा गर्न सक्ने दक्ष, अनुशासित र सक्षम जनशक्ति उत्पादन गर्दै दाबी संचालकले गर्दै आएको छ। विद्यालय प्रशासनका अनुसार शैक्षिक गुणस्तर, अनुशासन, आधुनिक शिक्षण पद्धति तथा अतिरिक्त क्रियाकलापको प्रभावकारी व्यवस्थापनका कारण संस्थाप्रति अभिभावकहरूको आकर्षण निरन्तर बढिरहेको बताइएको छ ।

सिद्धार्थ कलेजमा विशेष गरी विज्ञान र व्यवस्थापन संकाय सञ्चालन हुँदै आएको छ । वाणिज्य तथा विज्ञान संकायतर्फ कक्षा ११ र १२ को परीक्षाफल उल्लेखनीय रूपमा सफल रहेको विद्यालय प्रशासनको भनाई छ । उपलब्ध तथ्यांकअनुसार वाणिज्य तथा विज्ञान संकायतर्फको नतिजा पहिलो वर्ष २०८२ मा ८९.४७ प्रतिशत र दोस्रो वर्ष २०८३ मा ९७.३६ प्रतिशतसम्म परिणाम ल्याएको छ । जसले सिद्धार्थ शिशु सदनको शैक्षिक गुणस्तरलाई पुष्टि गरिरहेको विद्यालय प्रशासनको भनाई छ ।

विद्यालयले नियमित पठनपाठनसँगै विद्यार्थीहरूको सर्वाङ्गीण विकासलाई प्राथमिकता दिँदै विभिन्न अतिरिक्त क्रियाकलाप, नेतृत्व विकास कार्यक्रम, वक्तृत्वकला, हाजिरीजवाफ, विज्ञान प्रदर्शनी तथा खेलकुद गतिविधि सञ्चालन गर्दै आएको छ। यसका साथै एमईसी, आईओई मेडिकल तथा इन्जिनियरिङ लगायतका प्रवेश परीक्षाको तयारी कक्षा समेत सञ्चालन गरिँदै आएको छ, जसले विद्यार्थीलाई उच्च शिक्षातर्फ सहज मार्गनिर्देशन प्रदान गरिरहेको छ ।

प्रयोगात्मक शिक्षालाई जोड दिँदै आधुनिक प्रयोगशाला, अनुभवी शिक्षक टोली, नियमित मूल्याङ्कन प्रणाली तथा विद्यार्थीमैत्री वातावरणमार्फत सिद्धार्थ कलेजले शैक्षिक क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउन सफल रहेको कलेजका प्रिन्सीपल राजु यादवको भनाई छ ।

उनले भने विद्यालय प्रशासनका अनुसार आगामी दिनमा पनि गुणस्तरीय शिक्षा, अनुशासन र उत्कृष्ट नतिजालाई निरन्तरता दिँदै विद्यार्थीको उज्ज्वल भविष्य निर्माणमा प्रतिबद्ध रहनेछ ।

उनले थप्दै भने शैक्षिक उत्कृष्टता, सफल नतिजा, दक्ष शिक्षक टोली र विश्वासिलो व्यवस्थापनका कारण सिद्धार्थ कलेज जनकपुरधाम क्षेत्रका विद्यार्थी तथा अभिभावकहरूको पहिलो रोजाइ बन्दै गएको हो ।

# मधेशमा गहुँको उत्पादन घट्यो

**टुडे समाचारदाता**

जनकपुरधाम । अन्नको भण्डार भनिने मधेस प्रदेशमा यस वर्ष गहुँ उत्पादनमा उल्लेख्य गिरावट आएको छ । प्रतिकूल मौसम, रोग-कीराको प्रकोप, सिँचाइ सुविधा तथा गुणस्तरीय बीउबिजनको अभावका कारण उत्पादन घटेको कृषि अधिकारीहरूको भनाई छ ।

मधेस प्रदेश कृषि निर्देशनालय, नक्टाझिज धनुषाका अनुसार चालु आर्थिक वर्षमा प्रदेशभर तीन लाख ७३२ हेक्टर क्षेत्रफलमा गहुँ खेती गरिएकोमा प्रतिहेक्टर १.८ मेट्रिक टन उत्पादन दरका आधारमा पाँच लाख ४३ हजार १६० मेट्रिक टन गहुँ उत्पादन भएको छ ।

गत वर्ष भने प्रदेशमा एक लाख ७८ हजार ४३३ हेक्टर क्षेत्रफलमा खेती गरी प्रतिहेक्टर ३.३७ मेट्रिक टन उत्पादन दरका आधारमा सात लाख ३१ हजार मेट्रिक टन गहुँ उत्पादन भएको थियो। यस आधारमा यस वर्ष उत्पादनमा उल्लेखनीय कमी आएको हो ।

जिल्लागत रूपमा सबैभन्दा बढी गहुँ उत्पादन धनुषामा भएको छ। धनुषामा ३३ हजार ५०० हेक्टर क्षेत्रफलमा खेती गरी ९८ हजार ४९० मेट्रिक टन गहुँ उत्पादन भएको निर्देशनालयका बागबानी विकास अधिकृत किरण विश्वकर्माले जनाएको छ ।


## बोलपत्र प्रस्ताव आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३।०३।०९ गते**

जानकी महिला जागरण समाज (JWAS) द्वारा संचालित एक परियोजनाका लागि परियोजनाका लक्षित महिला सहभागीहरुलाई निजहरुले छनोट गरेको उद्यम तथा व्यवसाय सञ्चालन गर्न सहयोग गर्नकालागि यस संस्थालाई यसै सूचना बमोजिमको बोलपत्र आह्वान सम्बन्धी दस्तावेज Terms of Reference (TOR) मा उल्लेख भएका उद्यम तथा व्यवसायसँग सम्बिन्धित चौपाया तथा समाग्रीहरूको आवश्यक्ता भएकोले सो उपलब्ध गराउन सक्ने इच्छुक र सम्बन्धित कार्य गर्न इजाजतपत्र प्राप्त दर्तावाला फर्महरूबाट मिति २०८३ अषाढ १५ गते कार्यालय समय दिनको १७:०० बजे भित्र यस संस्थाको कार्यालयमा आवेदन प्राप्त हुने गरी बोलपत्र दस्तावेजमा उल्लेख भए अनुसारको निर्देशन बमोजिम आवेदन पेश गर्नुहुन अनुरोध छ। बोलपत्र आवेदनका लागि इच्छुक फर्म/कम्पनीले बोलपत्र सम्बन्धी पूर्ण दस्ताबेज ( Terms of Reference–TOR) प्राप्त गर्न यस संस्थाको vacancyjwas@gmail.com इमेल ठेगानामा आफ्नो फर्मको सम्बन्धित व्यवसायको इजाजत प्रमाणपत्र खुल्ने कागजात सहित इमेल मार्फत वा कार्यालयमा आवेदन साथ अनुरोध गरेमा यथासक्य चाडै इमेल मार्फत वा हस्ते नै उपलब्ध गराइनेछ ।

## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय गौर, रौतहटका तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाइ कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने वारेको ७ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मिति २०८३/०३/०९ गते मंगलबारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएकोले यस बैंकबाट कर्जा चुक्ता फछ्र्यौट गर्ने सम्बन्धमा पटक-पटक मौखिक तथा लिखित तर-ताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाइ आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ताफछ्र्यौट गर्न गराउनहुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षणधनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरीने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय गौर, रौतहटमा दाखिल गर्नु हुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८३/०४/१९ गते मंगलबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय **गौर, रौतहटमा** दिनको ठीक ३ : ०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिमअसुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताहरुको तिनपुस्ते विवरणः**

**ऋणी** प्रदेश सरकार, प्रदेश न. २, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय घरेलु तथा साना उद्योग कार्यालय रौतहट, गौरमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७३/०८/२४ मा प्रा.फ.नं. ५१६४/३०३ मा दर्ता भई आन्तरिक राजश्व कार्यालय सिमरा, करदाता सेवा कार्यालय, गौरवाट मिति २०७३/०८/२७ (मु.अ.कर दर्ता मिति २०७३/०८/२७) मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र न. ६०५५१६६१० को प्रमाणपत्र प्राप्त **आजम ईट्टा उद्योग ।**
फर्मको ठेगाना : रौतहट जिल्ला, माधवनारायण न.पा. वडा नं. ३ (साविक सखुअवा गा.वि.स. वडा नं. ८) ।

| | |
|---|---|
| **प्रोप्राईटर तथा जमानतकर्ताः शेख ओबैदुल्लाह** (ना.प्र.नं. ३२१०२५-२८८, जारी मिति २०६४/०५/१४, प्रतिलिपि जारी मिति २०७२/१२/२४ जि.प्र.का रौतहट) । **ठेगानाः** रौतहट जिल्ला यमुनामाई गा.पा. वडा नं. ३ (साविक राजपुर तुल्सी गा.वि.स.वडा नं.९) बाबुः शेख अब्दुला । बाजेः शेख महम्मद सदिक . | **जमानतकर्ताः मो.ओलीउल्लाह** (ना.प्र.नं. १०२५/२८२, जारी मिति २०६८/०४/११ जि.प्र.का रौतहट । **ठेगानाः** रौतहट जिल्ला यमुनामाई गा.पा. वडा नं. ३ (साविक राजपुर तुल्सी गा.वि.स. वडा नं. ९) बाबुः शेख अब्दुला । बाजेः शेख महम्मद सदिक । |
| **जमानतकर्ताः** रुमाना खातुन (ना प्र नं. ३२३००२५/८९, जारी मिति २०७०/०२/२२ जि.प्र.का रौतहट) । **ठेगानाः** रौतहट जिल्ला यमुनामाई गा.पा.वडा नं.३ (साविक राजपुर तुल्सी गा.वि.स.वडा नं.९) । बाबुः अब्दुल बसिर । पतिः शेख ओबैदुल्लाह । ससुराः शे अब्दुला । | **जमानतकर्ताः शेख अब्दुला** (ना.प्र.नं. ४२८१, जारी मिति २०३५/०८/२३ जि.प्र.का रौतहट) । **ठेगानाः** रौतहट जिल्ला यमुनामाई गा.पा. वडा नं. ३ (साविक राजपुर तुल्सी गा.वि.स. वडा नं. ९) । बाबुः शेख महम्मद सदिक । बाजेः शेख कुर्वान । |

**ख. लिलाम बिक्री हुने सम्पत्तिको विवरण**

१. **शेख अब्दुलाको** नाममा मालपोत कार्यालय गौर, रौतहटमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला राजपुर तुलसी गा.बि.स. वडा न.. ४, स्थित कित्ता नं. ८७१ र ८७२ को क्षेत्रफल ०-४-५ र ०-५-१५ (बिघा)को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

४. **शेख अब्दुलाको** नाममा मालपोत कार्यालय गौर, रौतहटमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला जिल्ला फतुवा महेशपुर वडा नं. ८ नक्सा सिट नं. ८क, स्थित कित्ता नं. २२५, क्षेत्रफल ०-६-१४ (बिघा)को जग्गा र ऐ. जिल्ला फतुवा महेशपुर ७, नक्सा सिट नं. ७, स्थित कित्ता नं. २५७ को क्षेत्रफल ०-७-० (बिघा)को जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ................१

५. शेख ओबैदुल्लाहको नाममा मालपोत कार्यालय गौर, रौतहटमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला सरुअठा गा.वि.स. वडा नं. ८, स्थित कित्ता नं. ६१७, क्षेत्रफल ०-०-१२-० (बिघा)को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

६. ऋणी आजम ईट्टा उद्योगको स्वमित्वमा रहेको चालु सम्पतिहरु उपर हाइपोथिकेसन सुरक्षण ।

**पुनश्चः**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ स्थीत कर्जा असुली विभाग र **अन्य शाखा कार्यालयहरु** बाट प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके वमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थितकर्जा असुली बिभागमा **र शाखा कार्यालय गौरमा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. : ०१-५७१९०००**

## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय कल्याणपुर, सप्तरीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८३/०३/०९ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक
प्रथम पटक प्रकाशित मिति : २०८०/०९/१९ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८०/०३/०१ को अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरी मिति २०८०/०९/१९ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा सूचना प्रकाशित भएकोमा उक्त सूचनामा तोकिएको मिति भित्र बैंकको नियमानुसार प्राप्त हुनुपर्ने न्यूनतम गोप्य शिलबन्दी बोलपत्रहरु प्राप्त हुन नआएकोले पुनः दोश्रो पटक यो सूचना प्रकाशित गरि इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

अजोधी यादवको नाति, राम बाबु यादवको छोरा, सिराहा जिल्ला, साविक भगवतीपुर ता.सु. गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, नवराजपुर गा.पा. वडा नं. १ बस्ने **बिष्णु कुमार यादव** (ना.प्र.नं. १५२०१८/१५२७०, जारी मिति २०७१/०१/०४, इ.प्र.का. लहान, सिराहा) ।

**व्यक्तिगत जमानतकर्ताको विवरण**

| | |
|---|---|
| १. धनी लाल यादवको नाति, अजोधि यादवको छोरा, सिरहा जिल्ला, साविक भगवतिपुर गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, नवराजपुर गा.पा. वडा नं. १ बस्ने **राम बाबु यादव** (ना.प्र.नं. ७०४/११८८१५९५, जारी मिति २०४४/१२/२५, जि.प्र.का. सिरहा) । | २. राम बाबु यादवको बुहारी, बिष्णु कुमार यादवको पत्नी, सिरहा जिल्ला, साविक सोठिआईन गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, नवराजपुर गा.पा. वडा नं. १ बस्ने **रंजिता कुमारी यादव** (ना.प्र.नं. १५२०१४/२००९७, जारी मिति २०७२/१०/१८, इ.प्र.का. लहान, सिराहा) । |

३. अजोधि यादवको बुहारी, राम बाबु यादवको पत्नी, डोटी जिल्ला, साविक तिखातर गा.वि.स./न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, नवराजपुर गा.पा. वडा नं. १ बस्ने **सुश्री तूलछा कुमारी बोगटी** (ना.प्र.नं. ३११०/२३८६, जारी मिति २०४४/१२/२९, जि.प्र.का. डोटी) ।

**धितोको विवरण**

१. सुश्री तूलछा कुमारी बोगटी (ना.प्र.नं. ३११०/२३८६, जारी मिति २०४४/१२/२९, जि.प्र.का. डोटी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिरहा जिल्ला, साविक भगवतिपुर तामासुईया गा.वि.स./न.पा. वडा नं. ३ नक्सा सिट नं. ३ ख हाल सिरहा जिल्ला, नवराजपुर गा.पा. वडा नं. १ स्थित कि.नं. ४१८ को क्षेत्रफल ०-०-१२ ३/४ (विगाहा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
२. राम बाबु यादव (ना.प्र.नं. ७०४/११८८१५९५, जारी मिति २०४४/१२/२५, जि.प्र.का. सिरहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिरहा जिल्ला, साविक भगवतिपुर तामासुईया गा.वि.स./न.पा. वडा नं. ३ नक्सा सिट नं. ३ ख हाल सिरहा जिल्ला, नवराजपुर गा.पा. वडा नं. १ स्थित कि.नं. ३२४ क्षेत्रफल ०-२-८.५ र सिरहा जिल्ला, नवराजपुर गा.पा. वडा नं. १ नक्सा सिट नं. १ क स्थित १३७३ को र ०-०-१३.२५ विगाहा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८३/०३/२३ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय कल्याणपुर, सप्तरीमा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८३/०३/२४ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय कल्याणपुर, सप्तरीमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नुपर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माद्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शूल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिकृत कर्जा असुली विभाग तथा शाखा कार्यालय कल्याणपुर, सप्तरीमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank
शाखा कार्यालय : कल्याणपुर, सप्तरी
फोन नं. ०३१-५४००९८
Website: www.siddharthabank.com

# मुख्यमन्त्री सचिवालयका कर्मचारीले खाए तलब



**टुडे समाचारदाता**

जनकपुरधाम । महिनौदेखि रोकिएकोमधेशप्रदेशकामुख्यमन्त्री कृष्णप्रसाद यादवको सचिवालयका कर्मचारीहरुको तलब भत्ता उपलब्ध गराइएको छ । सचिवालयका १४ जना कर्मचारीको तलबभत्ता उपलब्ध गराइएको मुख्यमन्त्री कार्यालयले जाएको छ।

गत १९ मंसिरमा मुख्यमन्त्री बनेपछि यादवले आफ्नो सचिवालयमा स्वकीय सचिव, कम्प्युटर अपरेटर, सवारीचालक, कास लगायत गरी १० कर्मचारी नियुक्त गरेका थिए । जेनजी आन्दोलन पश्चात संघीय सरकारले जारी गरेको परिपत्रलाई आधार बनाएर कर्मचारीले उनीहरूको तलबभत्ता चार महिनादेखि रोकेको थियो । तर १० जना कर्मचारीको तलब रोक्दा अहिले मुख्यमन्त्रीको सचिवालयका १४ जना कर्मचारीको तलब खुवाउनु परेको छ।

मुख्यमन्त्री कार्यालय स्रोतका अनुसार सचिवालयमा स्वकीय अधिकृतमा कमलदेव यादव, कम्प्युटर अपरेटरमा महेश्वर चौधरी, चालकमा दिवस दुलाल, कार्यालय सहयोगीमा विद्यालाल राउत, संजितकुमार यादवलगायतको तलब रोकिएको थियो।

गत २६ जेठमा बसेको मधेश सरकारको मन्त्रिपरिषद् बैठकले मधेश प्रदेशका मुख्यमन्त्री र मन्त्रीहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ अनुसार तलब उपलब्ध गराउने निर्णय गरेको थियो।

उक्त ऐनमा मुख्यमन्त्रीको सचिवालयमा स्वकीय सचिवसहित १४ जनासम्म राख्न पाउने व्यवस्था छ । यसपटक मुख्यमन्त्रीले थप चारजना थपेर उनीहरूको पति तलबभत्ता निकासा गराएका छन् । जेनजी आन्दोलन पश्चात नेपाल सरकारको ५ असोजमा बसेको मन्त्रिपरिषद् बैठकले तीनै तहको सरकारले गर्नुपर्ने खर्च कटौतीबारे निर्णय गरेको थियो।

सो पत्र अनुसार नेपाल सरकारको अर्थ मन्त्रालयले ७ असोजमा तीनै तहको सरकारलाई गरेको परिपत्रको बुँदा नम्बर ५ को (ट) मा 'नेपाल सरकार, प्रदेश सरकारका मन्त्री र प्रदेश प्रमुखको सचिवालयमा बढीमा तीनजना मात्र नियुक्त गर्न सक्ने' उल्लेख गरेको थियो । त्यसलाई आधार बनाउँदै मुख्यमन्त्री कार्यालयका कर्मचारीले सचिवालयका तीनजनाको मात्र तलब बुखाउन सकिने, त्यस भन्दा बढीको खुवाउन मानेका थिएनन् । लेखाशाखाबाट फाइलसमेत फिर्ता पठाएको थियो।

# गुठी संस्थानको सूचनाले स्थानीयमा त्रास

**टुडे समाचारदाता**

जनकपुरधाम । गुठी संस्थानमा अतिक्रमण गरिएका जग्गा खाली गराउने केन्द्रिय गुठी संस्थानले सार्वजनिक सूचना जारी गरे यता जनकपुरधाम क्षेत्रमा त्रासको वातावरण बनेको छ । गुठी संस्थाले सूचना जारी गरेपनि मठमन्दिर, गुठी र ऐतिहासिक पोखरीहरूको अतिक्रमित जग्गा खाली गराउन सहज देखिदैन।

२०३६ सालपछि भएका हरेक राजनीतिक परिवर्तनसँगै गुठीका जग्गा अतिक्रमण हुने क्रम बढ्दै गएको स्थानीय सरोकारवालाहरू बताउँछन् । मन्दिरका महन्त, गुठीका कर्मचारी, राजनीतिक संरक्षण र प्रशासनिक मिलेमतोका कारण धार्मिक सम्पत्ति संरक्षणको विषय बारम्बार उठेपनि व्यवहारमा प्रभावकारी कार्यान्वयन हुन सकेको छैन।

संघीय सरकारले हालै सार्वजनिक गरेको शासकीय सुधारसम्बन्धी सय बुँदे कार्यसूचीमा सार्वजनिक जग्गा संरक्षण र अतिक्रमण नियन्त्रणलाई प्राथमिकतामा राखेपछि जनकपुरधाममा गुठीको जग्गा फिर्ता गराउने विषय पुनः चर्चामा आएको छ । तर, विगतका अनुभवका आधारमा स्थानीयवासी भने सरकारी प्रतिबद्धताप्रति अझै आश्वस्त हुन सकेका छैनन्।



राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद मनिष झाले प्रतिनिधिसभामा पटकपटक जनकपुरधामका मठमन्दिर र गुठी जग्गामाथि भइरहेको अतिक्रमणको विषय उठाउँदै आएका छन्।

सांसद झाले संसदमा गुठी सम्पत्तिको संरक्षण, अवैध बिक्रीवितरणको छानबिन तथा दोषीमाथि कारबाहीको माग गर्दै आएका छन् । तर, संसदमा आवाज उठे पनि स्थानीय स्तरमा भने समस्या समाधानतर्फ उल्लेखनीय प्रगति हुन नसकेको देखिन्छ।

जनकपुरधामका बेला कुटी, जानकी मन्दिर, दशरथ मन्दिर, राम मन्दिर, लक्ष्मण मन्दिर, बिरख कुटी, कुवा मठ, हनुमानगढी मठ, लक्ष्मीनारायण मठलगायत २५ भन्दा बढी गुठीअन्तर्गतका मठमन्दिरसँग सम्बन्धित जग्गा विभिन्न रूपमा अतिक्रमणमा परेको भनिदै आएको छ।

कतिपय स्थानमा वार्षिक कुत तिर्ने मनखपको नाममा स्थायी संरचना निर्माण गरिएको छ भने केही स्थानमा प्रत्यक्ष खरिदबिक्रीसमेत भएको आरोप लाग्दै आएको छ। धार्मिक सम्पत्तिको संरक्षणका लागि बनेका कानुनी व्यवस्थालाई बेवास्ता गर्दै वर्षौंदेखि यस्ता गतिविधि भइरहे पनि प्रभावकारी निगरानी र कारबाही नहुँदा अतिक्रमण झन् संस्थागत बन्दै गएको जानकारहरू बताउँछन्।

२०६२ सालमा भोजराज घिमिरेको संयोजकत्वमा गठित उच्चस्तरीय कार्यदलले तयार पारेको प्रतिवेदनमा जनकपुरधाममा रहेका ५२ वटा पोखरीमध्ये धेरैको अवस्था दयनीय रहेको उल्लेख गरिएको थियो। प्रतिवेदन अनुसार जनक सरोवर, अमृत कुण्ड, गोपाल सर, पयश्विनी सर र बलदेव सरजस्ता ऐतिहासिक पोखरी पूर्ण रूपमा लोप भइसकेका छन्।

२०७७ सालमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले पूर्वन्यायाधीश मोहनरमण भट्टराईको संयोजकत्वमा गठन गरेको अध्ययन समितिको प्रतिवेदनले धनुषा जिल्लामा मात्र गुठीका ९ सय ४६ बिघा १२ कट्ठा जग्गा अतिक्रमणमा परेको उल्लेख गरेको थियो।

तर, स्थानीय स्तरका जानकारहरू भने वास्तविक अतिक्रमण उक्त तथ्यांकभन्दा धेरै ठूलो रहेको दाबी गर्छन् । गुठी संस्थानसँग समेत सम्पूर्ण जग्गाको अद्यावधिक अभिलेख नरहेकाले अतिक्रमणको वास्तविक अवस्था अझै अस्पष्ट रहेको बताइन्छ।

कतिपय जग्गाको नापी अभिलेख, स्वामित्व विवरण तथा प्रयोगको अवस्था स्पष्ट नभएका कारण संरक्षण तथा फिर्ता प्रक्रियामा थप चुनौती देखिएको छ।

गुठीको जग्गा खाली गराउने तयारीसँगै जनकपुरधामका विभिन्न क्षेत्रमा बसोबास गरिरहेका परिवारहरू चिन्तित बनेका छन् । उनीहरूमध्ये धेरैले आफूहरूले महन्त वा सम्बन्धित व्यक्तिबाट कानुनी रूपमा जग्गा खरिद गरेको दाबी गर्दै आएका छन्।

घर बनाएर वर्षौंदेखि बसोबास गर्दै आएका परिवारहरूले आफूहरूलाई विस्थापित गर्न खोजिएको भन्दै विरोध जनाएका छन् । उनीहरूले वैकल्पिक बसोबासको व्यवस्था, उचित मुआब्जा तथा सामाजिक न्यायको माग गर्दै प्रदर्शनसमेत गरेका छन्।

स्थानीय आन्दोलनकारीहरूको भनाइ छ, 'राज्यले वर्षौंसम्म चुप लागेर बस्यो। अहिले एक्कासि हामीलाई हटाउन खोजिएको छ । यदि जग्गा अवैध थियो भने त्यसको जिम्मेवारी खरिदकर्ताभन्दा पनि बिक्री गर्नेलाई हुनुपर्छ।'

# आँप महोत्सवमा ५० लाख बढीको कारोबार

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको बटेश्वर गाउँपालिकामा आयोजित तीन दिने आँप महोत्वसमा ५० लाख रुपैयाभन्दा बढीको कारोबार भएको जनाइएको छ।

मधेश प्रदेशका धनुषा र महोत्तरीका स्थानीइ आँप उत्पादक किसानलाई प्रोत्साहन गर्न बजारीकरण र प्रवर्द्धन गर्ने उद्देश्यले धनुषाको बटेश्वर गाउँपालिका-१ चित्रपुरमा आयोजित तीनदिने आँप मेला महोत्सव सम्पन्न भएको छ।

महोत्सवमा १० हजारभन्दा बढी दर्शकले सहभागिता जनाएको र ५० लाख रुपैयाँभन्दा बढीको कारोबार भएको आयोजकले जनाएको छ। शुक्रबारदेखि सुरु भएको महोत्सवमा धनुषा र महोत्तरीका स्थानीय आँप उत्पादक किसानहरुको सहभागिता रहेको थियो।

मधेश प्रदेश सरकारका मुख्यमन्त्री कृष्णप्रसाद यादवसहित मन्त्री, प्रदेशसभा सदस्य तथा विभिन्न स्थानीय तहका जनप्रतिनिधिले समेत महोत्सवको अवलोकन गरेका छन् । अवलोकनको क्रममा मुख्यमन्त्री कृष्णप्रसाद यादवले यस्ता महोत्सवले स्थानीय उत्पादनलाई नयाँ बजारसँग जोड्ने वातावरण सिर्जना गरेको भन्दै सहभागी किसान तथा आयोगकलाई यस्ता कार्यक्रमलाई निरन्तरता दिनुपर्ने सल्लाह दिएका थिए।



मुख्यमन्त्री तथा प्रदेश सरकारका प्रतिनिधिहरूले आँप प्रशोधन उद्योग, चिस्यानघर निर्माण र बजारीकरणमा सहयोग गर्ने प्रतिबद्धता अवलोकनको क्रममा जनाएको थियो।

महोत्सवमा विभिन्न स्थानबाट आएका व्यापारीहरूले आँप खरिदमा चासो देखाएका छन्। चित्रपुरका व्यापारी रामबहादुर महतोले आफ्नो स्टलबाट मात्र करिब १०० क्विन्टल आँप बिक्री भएको जानकारी दिँदै यसपटक बाहिरी जिल्लाका साथै भारतसम्मका व्यापारीहरू चित्रपुरमै आएर आँप खरिद गरेको बताएका छन्।

आँप उत्पादनका लागि धनुषाको मिथिला नगरपालिका, बटेश्वर गाउँपालिका, मिथिला बिहारी नगरपालिका र महोत्तरीका बर्दिबास र भंगहा प्रमुख क्षेत्र मानिन्छन् । यी स्थानीय तहका किसानलाई केन्द्रमा राखेर आयोजना गरिएको महोत्सवमा विभिन्न जातका आँपको प्रदर्शनी, बिक्री तथा व्यापारिक सम्पर्क विस्तारका कार्यक्रम सञ्चालन गरिएको आयोजक संस्था 'चित्रपुर म्याङ्गो एग्रो टुरिज्म इनिसिएटिभ'का अध्यक्ष प्रदीप महतोले बताएका छन्।

चित्रपुर क्षेत्रमा मात्रै करिब एक हजार बिघा क्षेत्रफलमा आँप बगैंचा रहेको छ भने बटेश्वर गाउँपालिका क्षेत्रमा दुई हजार बिघाभन्दा बढी क्षेत्रमा आँप खेती हुने गरेको छ। किसानहरूका अनुसार जेठको तेस्रो सातादेखि सुरु हुने आँपको मौसम भदौको अन्तिमसम्म रहने गर्दछ । बमई, दशहरी, मालदह, किसुनभोग, आम्रपाली, मल्लिका, स्वर्णरेखा, गुलाबखास, लालमोहन लगायत करीब दुई दर्जन जातका आँप यहाँ उत्पादन हुँदै आएको छ।

भंगाहा-४ का किसान हरिदेव साहले उत्पादनसँगै भण्डारण र प्रशोधनको सुविधा आवश्यक रहेको उल्लेख गर्दै चिस्यानघर तथा उद्योग स्थापना भए वर्षभरि बजार व्यवस्थापन गर्न सहज हुने बताए। उनले प्रदेश सरकारको पछिल्लो प्रतिबद्धताले किसानमा नयाँ आशा पलाएको बताए।

महोत्सवका क्रममा पाकेका र काँचो आँपका साथै विभिन्न प्रकारका अचार तथा परिकारको प्रदर्शनी र बिक्री गरिएको थियो । आगन्तुकलाई विभिन्न जातका आँप चखाउने व्यवस्था गरिएको थियो । सहभागीहरूले यस क्षेत्रका आँपको स्वाद विशिष्ट र मौलिक रहेको प्रतिक्रिया दिएका थिए।

आयोजक संस्थाका फुलगेन मगहीले आँपको बजारीकरण मात्र नभई स्थानीय उत्पादनको विशेषता उपभोक्तासमक्ष परिचित गराउनु पनि महोत्सवको मुख्य उद्देश्य रहेको बताए । महोत्सवमार्फत चित्रपुर क्षेत्रलाई 'आँप पर्यटन'को गन्तव्यका रूपमा विकास गर्ने दीर्घकालीन योजना रहेको उनको भनाइ छ।

वि.सं. २०८१ देखि सुरु भएको चित्रपुर आँप महोत्सव पहिलो वर्ष एक दिन, दोस्रो वर्ष दुई दिन र यस वर्ष तीन दिनसम्म सञ्चालन गरिएको थियो । स्थानीय जनप्रतिनिधिहरूले महोत्सवले किसानलाई उत्साहित बनाउनुका साथै आँप खेतीको विस्तार र यस क्षेत्रको पहिचान स्थापित गर्न महत्त्वपूर्ण योगदान पुर्याएको बताएका छन्।

# जीउवा संघको अध्यक्षमा गुप्ता



**टुडे समाचारदाता**

वीरगञ्ज। जीतपुरसिमरा नगर उद्योग वाणिज्य संघको नयाँ नेतृत्वका लागि अध्यक्षमा युवा उद्यमी गजेन्द्र कुमार गुप्ता निर्वाचित भएका छन्।

गुप्ताले आफ्ना निकटतम प्रतिद्वन्द्वी मनोजकुमार गुप्तालाई फराकिलो मतान्तरले पराजित गर्दै नेतृत्व हात पारेका हुन्। अध्यक्ष पदमा निर्वाचित गजेन्द्रले ५२९ मत प्राप्त गर्दा मनोजले १९९ मत मात्र प्राप्त गरेका थिए।

त्यस्तै, वरिष्ठ उपाध्यक्ष पदमा शिवजी साह सोनार निर्वाचित भएका छन्। सोनारले ५०२ मत प्राप्त गर्दा उनका प्रतिद्वन्द्वी सन्तोष कुमारले १९५ मत पाएका थिए। वाणिज्य उपाध्यक्ष पदमा रामबाबु कलवार ५३१ मतसहित विजयी भएका छन्। उनका निकटतम प्रतिस्पर्धी प्रमोद साहले १११ मत प्राप्त गरेका थिए। यस्तै, महासचिव पदमा प्रकाश गिरि ५१२ मतसहित निर्वाचित भएका छन्। उनका प्रतिस्पर्धी सुशील शर्माले १८८ मत प्राप्त गरेका छन्। कोषाध्यक्ष पदमा रीना रौनियार ४१२ मतसहित निर्वाचित भएकी छन्। त्यसैगरी वाणिज्यतर्फको सचिव पदमा २९७ मतसहित उम्मेदवार निर्वाचित भएका छन्।

वाणिज्यतर्फका सदस्य पदमा अमरेन्द्र कलवार, नवरतन कलवार, बलराम पौडेल, विभा गुप्ता, विजय गुप्ता, मनोहरबाबु गुप्ता, मुकुन्द रिजाल, रुपनारायण गुप्ता तथा श्रीराम साह कानु निर्वाचित भएका छन्। नवनिर्वाचित नेतृत्वले उद्योगी-व्यवसायीको हकहित संरक्षण, व्यापारिक वातावरण सुदृढीकरण तथा संघको संस्थागत विकासलाई प्राथमिकतामा राखेर काम गर्ने प्रतिबद्धता जनाएको छ।

# जनमतले हिरोज हन्ट संचालन गर्ने




**टुडे समाचारदाता**

जनकपुरधाम । जनमत पार्टीले पार्टी भित्र ४० वर्ष मुनिका युवाहरू जोड्नका लागि '५०१ हिरोज् हन्ट' कार्यक्रम संचालन गर्ने भएको छ।

२०७९ सालको चुनावमा मधेशको वैकल्पिक शक्तिको रूपमा उदाएको जनमत पार्टी २०८२ को चुनावमा संघीय संसद्मा शून्यमा झरेपछि पार्टीभित्र पुनर्जागरणका लागि यो अभियानमुलक कार्यक्रम संचालन गर्न लागेको हो।

जनमत पार्टीको केन्द्रीय सचिवालयको आजको बैठकले युवाकेन्द्रित कार्यक्रम गर्ने निर्णय गरेको महासचिव चन्दन सिंहले जानकारी दिएका छन् । सो कार्यक्रमअन्तर्गत राजनैतिक, प्रशासनिक, सामाजिक, शैक्षिक, सांस्कृतिक, उद्योग, व्यापार, खेलकुद लगायतका क्षेत्रमा विशिष्ठ योगदान दिइरहेका ४० वर्ष मुनिका युवाहरूलाई जोडिने छ।

त्यसका लागि समाजसेवी, अभियन्ता, अधिकारकर्मी, कलाकार, खेलाडी, बुद्धिजीवी, लेखक, साहित्यकार, पत्रकार, सञ्चारकर्मी, चिकित्सक, इन्जिनियर, वकील, व्यवसायी, उद्योगी, उद्यमी, वैज्ञानिक, अनुसन्धानकर्ता, युवा नेता सहितका पेशाकर्मीलाईको '५०१ हिरोज्' को रूपमा सम्मानित गर्ने र पार्टीलाई नवरुपान्तरण गर्नका लागि जिम्मेवारी दिने महासचिव सिंहद्वारा जारी विज्ञप्तिमा जनाइएको छ।

ईच्छुक व्यक्ति स्वयं वा अरुले पार्टीको वेबसाइटमा गएर सम्भावित व्यक्तिहरूलाई मनोनीत गर्नसक्ने पार्टीले जनाएको छ।

# वैदेशिक रोजगारीमा रहेका युवाको पहलमा आर्थिक सहयोग

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मिथिला बिहारी नगरपालिका-९ कटरैतका युवाहरू गाउँ-समाजलाई सकारात्मक दिशातर्फ अघि बढाउन सक्रिय देखिएका छन् । विशेषगरी वैदेशिक रोजगारीमा रहेका युवाहरूले समाजमा रहेका गरिब, विपन्न तथा असहाय परिवारको जीवनस्तर सुधार गर्न विभिन्न सामाजिक अभियान सञ्चालन गर्दै आएका छन्।

मलेसियामा कार्यरत सुरज यादव र साउदी अरबमा कार्यरत जितु यादवको पहलमा करिब नौ महिनाअघि 'युवा समाज सुधार अभियान कटरैत' गठन गरिएको थियो। उक्त अभियानमार्फत आर्थिक रूपमा कमजोर परिवारलाई सहयोग, स्वास्थ्य उपचारमा सहजीकरण, शिक्षामा सहयोग, रोजगारी प्रवर्द्धन तथा युवालाई दुर्व्यसन र कुलतबाट जोगाउने उद्देश्यका साथ विभिन्न कार्यक्रम सञ्चालन हुँदै आएका छन् । यसैक्रममा आर्थिक अभावका




कारण उपचार गराउन कठिनाइ भोगिरहेका स्थानीय गणेश यादवको परिवारलाई अभियानले सहयोग गरेको छ । गणेश यादवकी श्रीमती गीता देवी लामो समयदेखि पेट दुख्ने तथा पेट फुल्ने समस्याबाट पीडित छिन् । आर्थिक अवस्था कमजोर भएका कारण उनको उचित उपचार हुन सकेको थिएन।

यही अवस्थालाई मध्यनजर गर्दै वैदेशिक रोजगारीमा रहेका युवाहरूले विदेशबाट रकम संकलन गरी करिब ७२ हजार रुपैयाँ सहयोग उपलब्ध गराएका छन्। आयोजित कार्यक्रममा मिथिला बिहारी नगरपालिका-९ का कार्यवाहक वडा अध्यक्ष सुकेश्वर कुमार यादव, स्थानीय नेता परमेश्वर यादव तथा सुनील कुमार यादवले संयुक्त रूपमा उक्त रकम गणेश यादवलाई हस्तान्तरण गरेका छन्।

सहयोग रकम प्राप्त गरेपछि गणेश यादवले खुसी व्यक्त गर्दै श्रीमतीको उपचारका लागि तत्काल राम्रो अस्पतालमा लैजाने बताएका छन्।

स्थानीय समाजसेवी जितेन्द्र यादवका अनुसार कटरैत निवासी दिलीप यादवका छोरा सुरज यादव तथा जयनारायण यादवका छोरा जितु यादवको सक्रियतामा अभियान गठन भएको हो । अभियानले समाजमा रहेका समस्याग्रस्त तथा विपन्न परिवारको पहिचान गरी आवश्यक सहयोग गर्दै आएको छ।

वैदेशिक रोजगारीमा रहेका नेपाली युवाहरूले आफ्नो जन्मथलोप्रति देखाएको सामाजिक उत्तरदायित्वको उदाहरण हो । सामान्यतया विदेशबाट पठाइने रकम परिवारको खर्चमा सीमित हुने गरेको अवस्थामा कटरैतका युवाहरूले सामूहिक रूपमा सामाजिक अभियान सञ्चालन गरेर गाउँको विकास, स्वास्थ्य सेवा तथा सामाजिक सुधारमा योगदान पुर्याइरहेका छन्।

विशेषगरी स्वास्थ्य उपचार गर्न नसक्ने अवस्थामा रहेको एक परिवारलाई आर्थिक सहयोग उपलब्ध गराउनु मानवीय सेवाको उत्कृष्ट नमुना हो। यस्ता अभियानले समाजमा सहयोग, एकता र सामाजिक उत्तरदायित्वको भावना विकास गर्न मद्दत पुग्ने विश्वास गरिएको छ । साथै, स्थानीय तह, राजनीतिक नेतृत्व र वैदेशिक रोजगारीमा रहेका युवाबीचको सहकार्यले सामाजिक परिवर्तनका सकारात्मक सम्भावना पनि देखाएको छ।

**सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण गरौं**

- सडक, पार्क, विद्यालय, अस्पताल, कार्यालय जस्ता संरचनामा तोडफोड तथा क्षति नपुऱ्याऔं,
- सार्वजनिक स्थलमा सरसफाई गरौं,
- सरकारी सामग्रीको हिनामिना तथा दुरुपयोग नगरौं नगराऔं,
- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- अनधिकृत अतिक्रमण र क्षतिबाट सार्वजनिक सम्पत्तिलाई जोगाऔं,
- जिम्मेवार नागरिक बनेर सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।

सार्वजनिक सम्पत्ति हामी सबैको सम्पत्ति हो, संरक्षण गर्नु हामी सबैको दायित्व हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८